# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ४) झापा, माघ १८ गते, २०७७ साल (संख्या ८**

**भाग २**

## शिवसताक्षी नगरपालिकाको नगर स्तरिय महिला  समिति (गठन तथा कार्यसञ्चालन ) कार्यविधि २०७७

**प्रस्तावना :**

नेपालको संविधानले सामाजिक न्यायमा आधारित समावेशी विकासको अवधारणालाई आत्मसात गरेको परिप्रेक्ष्यमा संविधान प्रावधानहरूलाई कार्य रूपमा रूपान्तरण गरी यस नगरपालिकाको जनसंख्याको आधा हिस्सा ओगट्ने महिला वर्गको सशक्तीकरण, समानता तथा मूल प्रवाहिकरणको स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य प्रचलित निर्देशिका, कार्यविधि बमोजिम शिवसताक्षी नगरपालिका, विषयगत कार्यालय तथा अन्य गैरसरकारी निकायबाट महिला विकासका लागी सञ्चालन हुने कार्यक्रमहरूलाई पारदर्शी, जनमुखी, प्रभावकारी बनाई उपलब्धीपूर्ण र समावेशी बनाउनको लागी उक्त वर्गलाई विकासको मूल प्रवाहमा सबै जातका महिलाहरूलाई सम्मानपूर्ण, स्वतन्त्र, अवरोधमुक्त र आत्मनिर्भर जीवनयापनका महिलाहरुको लागी संचालन हुने कार्यक्रमहरूलाई पारदर्शी, जनमुखी, प्रभावकारी बनाई उपलब्धीपूर्ण र समावेशी बनाउन महिला लक्षित कार्यक्रमको क्षेत्रमा सञ्चालित कार्यक्रमहरूमा दोहोरोपना हटाई आवश्यक्तामा आधारित कार्यक्रमहरूको तर्जुमा गर्ने, कार्यक्रमहरूको कार्यान्वयनमा स्वमित्व, संलग्नता तथा प्रतिफलमा समेत पहुँच अभिवृद्धि गर्ने र सम्बन्धित कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनमा  सहयोग र समन्वय समिति गठन गर्न वाञ्छनीय भएकाले स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी शिवसताक्षी नगरपालिकामा महिलाहरूलाई अगाडि बढाउने कार्य गर्न शिवसताक्षी नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम शिवसताक्षी नगरपालिकाको मिति २०७७।१०।१८ गते बसेको कार्यपालिका बैठकको  निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

शिवसताक्षी नगरपालिका, झापा

**परिच्छेद-१**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"शिवसताक्षी नगरपालिकाको नगर स्तरीय महिला समिति (गठन तथा कार्य संचालन ) कार्यविधि, २०७७"** रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

ख) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनुपर्छ।

ग) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका भन्ने सम्झनुपर्छ।

घ) "नगरपालिका" भन्नाले शिवसताक्षी नगरपालिकालाई जनाउने छ।

ङ) " वडा अध्यक्ष" भन्नाले नगरपालिकाको वडा समितिमा निर्वाचित वडा अध्यक्ष सम्झनु पर्छ।

च) "वडा समिति" भन्नाले वडा कार्यालयको निर्वाचित जन प्रतिनिधिको समिति सम्झनु पर्छ।

छ) "समिति" भन्नाले यस कार्यविधि अनुसार गठन हुने नगर स्तारिय महिला समिति सम्झनु पर्छ।

ज) "सदस्य" भन्नाले समितिका सदस्य सम्झनु पर्छ। सो शब्दले अध्यक्ष र उपाध्यक्ष समेतलाई जनाउँदछ।

**परिच्छेद-२**

**उद्देश्य**

३, नेपाल सरकार र स्थानीय सरकारको नीति निर्देशिकाको अधिनमा रही कार्य गर्न यस समितिको उद्देश्य देहाय बमोजिम हुनेछ:

(क) समाजमा व्याप्त वेरोजगारी, विपन्नता, गरिवी, अज्ञानता, कुपोषण, कुरिती, लिङ्गभेद, महिला उत्पिडन, जनस्वास्थ्य, स्वास्थ्य सम्बन्धी समस्या तथा वातावरणीय प्रदुशण जस्ता विकृतीहरु दुर गर्न गराउन सामुदायिक चेतना अभिवृद्धि गर्ने।

(ख) आयमुलक तथा सिपमुलक तालिमको आयोजना गरी सञ्चालन गर्ने।

(ग) समुदायका बासिन्दाहरुलाई सामाजिक, आर्थिक शारिरीक रुपमा सक्षम बनाउने।

(घ) समाजमा घट्ने विभिन्न किसिमका महिला हिंसाहरुलाई जरैदेखि निर्मुल पार्नका लागि कार्यक्रम संचालन गर्ने।

(ङ) सुर्तिजन्य, मदिराजन्य तथा अन्य लागू औषधलाई पूर्ण रुपमा नियन्त्रण गर्ने कार्य संचालनमा सहयोग गर्ने।

(च) विपत व्यवस्था (आगलागि, हावाहुरी, भुकम्प, बाडी, चट्याङ्ग पिडित) आदिका लागि सचेतना तथा राहत उदाहरणका कार्यक्रम संचालनमा सहयोग गर्ने।

(छ) भान्सा नै औषधालयको रुपमा उपयोग गर्ने कार्यक्रम संचालन गर्ने।

शिवसताक्षी नगरपालिका, झापा

(ज) राज्यका नीति तथा कार्यक्रमसँग सम्बन्धित समाज विकास र निर्माणमा स्थानीय तहसँग समन्वय गरी कार्य गर्ने।

(झ) लक्षित महिलाको वैयक्तिक, आर्थिक, सामाजिक सशक्तिकरणमा स्तर उन्नती गर्ने।

(ञ) लैङ्गिक समानताको सुचिश्चितताका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्रका सबै सरोकारवालामाझ सञ्जाल बनाएर सहकार्य गर्ने।

(ट) महिलाहरुमा प्रजनन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम गरी चेतना अभिबृद्धि गर्ने।

**४. समितिको गठन :**

(१) शिवसताक्षी नगरपालिका, विषयगत कार्यालयहरु र गैर सरकारी संस्थाहरुबाट आ–आफ्नो ढंगले महिलाका क्षेत्रमा काम गर्दै आईरहेकाले काममा दोहोरोपना हटाई सीमित स्रोत साधनको प्रभावकारी उपयोग गरी महिलाहरुको मूलप्रवाहीकरण, सशक्तीकरण, क्षमता विकास र गरिबी निवारणका क्षेत्रमा स्रोत साधनबाट अपेक्षित उपलब्धी हासिल भई लक्षित वर्गले सन्तोषजनक प्रतिफल प्राप्त गर्ने कार्यमा सहयोग पुर्याउन नगरतहमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुको समन्वय गर्नको लागि **"नगर स्तरीय महिला समिति"** नामको बढीमा १५ सदस्यीय भएको एक समिति गठन हुनेछ। महिला समिति गठन गर्दा समावेशी वनाइनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायको सदस्यहरु रहनेछन् :– नगर स्तरीय महिला समितिमा देहायका सदस्यहरु रहनेछन्

(क) कार्यपालिकाले मनोनित गर्ने एक जना कार्यपालिका महिला सदस्य – अध्यक्ष

(ख) गठित नगरसमितिका पहोलो बैठकवाट सदस्यहरु मध्यबाट चयन गर्ने – उपाध्यक्ष

(ग) वडा समितिले छनौट गरेको सबै बडावाट प्रतिनिधित्व हुने गरी १/१ जना महिला – सदस्य

(घ) विभिन्न जातजाती, भाषा धर्म, सम्प्रदायको समेत प्रतिनिधित्व हुने गरी कार्यपालिकाले मनोनित गरेको २ जना महिला – सदस्य

(ङ) शिवसताक्षी नगरपालिका, महिला तथा बालबालिका शाखा प्रमुख –सदस्य सचिव

**५. समितिको काम, कर्तव्य र अधिकारः–** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) महिलाको विकासका सम्बन्धमा सरकारी, गैरसरकारी र निजी क्षेत्रका कार्यक्रमहरुको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गरी नियमितता, मितव्ययिता, पारदर्शिता र प्रभावकारिता अभिबृद्धि गर्न नगरपालिका मार्फत सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ख) नगरपालिका भित्रको महिलाहरको तथ्याङ्क तयारी एवं अद्यावधिक गर्न सहयोग गर्ने, गराउने,

(ग) सहभागितामूलक योजना तर्जुमा पद्धतिमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्न सहजीकरण गर्ने,

(घ) स्थान विशेषका महिलाहरुको समस्या पहिचान गरी समाधान पहिल्याउन स्थानीय तहमा कार्यरत सरकारी, गैरसरकारी र सामाजिक संघ संस्थाहरुलाई सकृय रुपमा सहजिकरण गर्ने,



शिवसताक्षी नगरपालिका, झापा

(ङ) महिलालाई विकासको मूलप्रवाहमा ल्याउन नगरपालिका स्तरीय क्षेत्रगत नीतिहरु तयार गरी नगर कार्यापालिकामा सिफारिस गर्ने,

(च) महिलाका लागि स्थानीय आवश्यकता अनुरुप योजना, कार्यक्रम एवं बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग गर्ने ।

(छ) नगरपालिका भित्र महिलाको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तीकरण गर्न समन्वय गर्ने ।

(ज) नेपालको संविधानमा अन्तर्निहित महिलाहरुको हक अधिकार एवं कर्तव्य सम्बन्धमा सरोकारवाला निकायहरुलाई सुसूचित गर्ने

(झ) महिलाको मौलिक पहिचान संरक्षण एवं सम्वर्द्धन गर्दै सबै महिलाहरु बीच सामाजिक सद्भाव अभिबृद्धि गर्ने । यसका लागि नगरपालिका स्थित सार्वजनिक निकाय, गै.स.स., नागरिक समाज, सामुदायिक संस्था, महिला समूह, आमा समूह, महिला संस्था आदिसँग सहकार्य गर्ने,

(ञ) महिलाको विकास गर्न आवश्यक नीति नियम वनाइ नगर कार्यापालिकामा पेश गर्ने ।

(ट) महिलाको सशक्तीकरण एवं विकाससंग प्रत्यक्ष सम्बन्धित रहेका लक्षित कार्यक्रमहरुको समन्वय गर्ने,

(ठ) विकास निर्माणको विभिन्न चरणहरुमा महिलाहरुको अर्थपूर्ण सहभागिता, उत्थान तथा विकासका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत अन्य कार्यान्वयनमा रहेका ऐन, नियमावली, नीति, रणनीति, निर्देशिका, कार्यविधिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने गराउने,

(ड) नगरपालिकामा विभिन्न निकायहरुबाट महिलाको लागि लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्ने ।

(ण) नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकारबाट सञ्चालित महिलाको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने ।

**६. समितिको बैठक सञ्चालनसम्बन्धी कार्यविधि :**

(१) समितिको बैठक महिनामा कम्तिमा १ पटक बस्नेछ । साथै आवश्यकता अनुसार बस्न सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा एक दिन अगाबै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

(६) नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

**७, नगर स्तरिय महिला समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:**

नगर स्तरिय महिला समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार:**

(१) समितिको नियमित बैठक बोलाउने बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

(६) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(७) विशेष बैठकको आवश्यकता परेमा बैठक बोलाउने ।

(८) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) उपाध्क्षको काम, कर्तव्य र अधिकार:**

(१) अध्यक्षको काममा सहयोग पुर्याउने ।

(२) अध्यक्षले लिखित रुपमा प्रत्यायोजन गरेका वा तोकेका कार्यहरु गर्ने ।

(३) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरु गर्ने ।

(४) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

(५) समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

**(ग) समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार:**

(१) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

(२) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(३) समितिको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।

(४) तोकिएका अन्य कार्य गर्ने ।

**(घ) समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार:**

(१) वडा कार्यालय/नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।

(२) नियमित बैठकमा उपस्थित भई निर्णय प्रक्रियामा सहभागी हुने ।

शिवसताक्षी नगरपालिका, झापा

(३) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने।

(४) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई सघाउने ।

(५) आ–आफ्नो वडामा भएका लक्षित वर्गहरुको पहिचान गर्ने ।

(६) तोकिएको अन्य कार्यहरु गर्ने ।

**८. थपघट र हेरफेर :–**

मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी शिवसताक्षी नगर कार्यपालिलकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

**९. वाधा अड्काउ फुकाउः**

यो कार्यविधिमा कार्यान्वयनमा कुनै नीतिगत व्यवहारीक वा कार्यसम्पादन सम्वन्धी समस्या आइ परेमा नगर कार्यापालिकाले वाधा अड्काउ फुकाउ कार्य सम्पादन गर्न गर्न सक्ने छ।

**१०. बचाउ तथा खारेजीः**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ।

**आज्ञाले**

**गीताकुमारी राई**

**प्रमुख प्रशासकीय अधिकृत**

शिवसताक्षी नगरपालिका, झापा